बैठक संख्याः ३८
मितिः- २०८३।०३।०८
समयः दिनको ११.०० बजे
स्थानः सिंजा गाउँपालिका नराको,जुम्ला

उपरोक्त मिति,समय र स्थानमा सिंजा गाउँपालिका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यापालिका सदस्यहरुको समेत उपस्थितीमा बसेको बैठकले देहाय बमोजिमका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| सि. नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | श्री पूर्ण प्रसाद धिताल | | |
| २ | गाउँपालिका उपाध्यक्ष | श्री सितली रोकाया | | |
| ३ | १ नं वडा अध्यक्ष | श्री हरीनन्द आचार्य | | |
| ४ | २ नं वडा अध्यक्ष | श्री तिर्थ वड | | |
| ५ | ३ नं वडा अध्यक्ष | श्री सुरत बहादुर रावत | | |
| ६ | ४ नं वडा अध्यक्ष | श्री रन्जित बुढा | | |
| ७ | ५ नं वडा अध्यक्ष | श्री कृष्ण बहादुर रोकाया | | |
| ८ | ६ नं वडा अध्यक्ष | श्री लाल बहादुर बुढा | | |
| ९ | कार्यापालिका सदस्य | श्री राजपुरा दमाई | | |
| १० | कार्यापालिका सदस्य | श्री रुपकेउडा बिष्ट | | |
| ११ | कार्यापालिका सदस्य | श्री दन्ता कामी | | |
| १२ | कार्यापालिका सदस्य | श्री मागी वड | | |
| १३ | कार्यापालका सदस्य | श्री हरिचन्द्र सार्की | | |
| १४ | कार्यापालिका सदस्य | श्री मोति दमाई | | |
| १५ | प्रमुख प्रशासकीय अधिकृत | श्री टेक बहादुर शाही | | |

निर्णय नं १.

सिंजा गाउँपालिकाको १८औ बजेट अधिबेशन मिति २०८३।०३।१० गते हुने भएकाले आगामी आ. ब. २०८३।०८४ को बार्षिक नीति तथा कार्यक्रम पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २.

सिंजा गाउँपालिकाको आगामी आ.ब. २०८३।०८४ को लागि आय- व्ययको अनुमानित विवरण बजेट १८औ बजेट अधिबेशनमा देहाय बमोजिमको विवरण सहितको कुल बजेट ४५,३७,८९,०९४।४३ अक्षरुपी ( पैचालिस करोड सैतिस लाख उनानब्बे हजार चौरानब्बे रुपैया पैसा त्रिचालिस ) मात्र को बजेट मिति २०८३।०३।१० गते पेश गर्ने निर्णय गरियो।

तपसिलः

गाउँपालिका तर्फ

- चालु आ.ब.बाट अल्या हुने अनुमानित रु. १,१५,०००००।
- आन्तरिक श्रोत रु. ४५,०००००।
- संघीय सरकार वित्तिय समानिकरण अनुदान रु. ९,३४,०००००।
- संघीय सरकार राजश्व बाँडफाँड रु. ८,२३,०००००।
- संघीय सरकार शशर्त अनुदान चालु रु. १४,०९,०००००।
- संघीय सरकार पुँजिगत अनुदान रु. ५१,०००००।
- संघीय सरकार समपुरक अनुदान रु.१,८२,०००००।
- संघीय सरकार बिशेष अनुदान रु.१,७९,०००००।
- कर्णाली प्रदेश सरकार बित्तिय समानिकरण अनुदान रु.१,२३,८८,०००।
- कर्णाली प्रदेश सरकार शशर्त अनुदान चालु रु. २१,८९,०००।
- कर्णाली प्रदेश सरकार पुँजीगत अनुदान रु. २,००००००० ।

- कर्णाली प्रदेश सरकार बिशेष अनुदान रु. ७०,०००००।
- कर्णाली प्रदेश सरकार समपुरक अनुदान रु. १,२८,०००००।
- सवारी साधनको कर बाँडफाँडको रु. ११,९२,८८५।४०
- सबैका लागि दिगो खानेपानी तथा सरसफाई स्वच्छता परियोजना रु. १,२१,०००००।

**जम्मा रु. ४४ करोड १४ लाख ६९ लाख ८ सय पचासी ४० पैसा मात्र**

**गैर सरकारी संघ सँस्था तर्फ**

- क्याड नेपाल रु. ६१,६९,३७१।
- मानसिक स्वास्थय तथा परामर्श केन्द्र नेपाल रु.१४,१२,८८६।०३
- पेश नेपाल रु. ४७,३६,९५२।

**जम्मा रु. १ करोड २३ लाख १९ हजार २ सय नौ पैसा ०३ मात्र**

निर्णय नं. ४.

सिंजा गाउँपालिकाको आगामी आ.ब. २०८३।०८४ को लागि राजश्व परामर्श समितिद्धारा आर्थिक ऐन २०८३ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५.

कर्णाली खस सँस्कृत संरक्षण मंच (कसम) जुम्लाले पेश गरेको निबेदन उपर छलफल गर्दा नेपाल संगित तथा नृत्य प्रज्ञा-प्रतिष्ठान २०८३ साल बैशाख ४ र ५ गते दैलेखमा सम्पन्न भएको कर्णाली लोकनृत्य एवम साँस्कृतिक सम्मेलनमा सहभागी हरुको आवत जावत गर्दाको जम्मा खर्च दुई वटै गाउँपालिकाले व्यहोर्ने सहमति अनुशार बिल बमोजीमको रकम रु. ६०,०००।।मात्र बिनियोजन भएको बजेट बाट खर्च हुन नसकेको शिर्षकबाट रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.६.

बारे केदारनाथ सडक निर्माणको सिलसिलामा वडा नं ३ को सियाला सिंचाई कुलोमा क्षति भएकाले प्राबिधिक लागत अनुमान बमोजीम रु. ८१,०००।कायम भई उक्त कुलो मर्मत भईसकेकाले उक्त रकम पनि चालु आ.ब.को गाउँसभाले बजेट बिनियोजन गरेको र खर्च नभई वाँकी रहेको शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ७

भुउपयोग ऐन २०७६,र भुउपयोग नियमाली २०७९, बमोजीम सिंजा गाउँपालिकामा जग्गा बर्गीकरण सम्बन्धी कार्यापालिकाको निर्णय अनुशारको मापदण्डमा रही सार्बजनिक खरिद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ बमोजीमको अनुशार परामर्श सेवाको जिम्मेवारी प्राप्त गरेको श्री आर्क एड प्लानर्स एण्ड डेभलपर्स प्रा. लि.,सामाखुसी काठमाडौले आफ्नो कार्य विवरण अनुशारको काम सम्पन्न गरी प्रतिबेदन समेत पेश गरी गाउँपालिकामा छलफल गरीएको र ६वटै वडामा समेत छलफलका लागि पठाइएको र प्राप्त राय सल्लाह सहितको विवरण सम्बन्धित परामर्शदातालाई समेत पठाई अन्तिम प्रतिबेदनमा समाबेश भईसकेकाले र सर्बसाधारणको जानकारीका लागि समेत ३५ दिने सार्बजनिक सुचना समेत प्रकाशन गरि आगामी आ.ब.२०८३।०८४ को श्राबण देखि सिंजा गाउँपालिकामा भुउपयोग क्षेत्रको बर्गीकरण तथा मापदण्ड लागु गर्ने निर्णय समेत भएकाले उक्त कार्यका लागि विनियोजित बजेट रु.१० लाख भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ८

सिंजा गाउँपालिकाको वडा नं ३ धिताललिही स्थित बाल स्याहार केन्द्रमा निर्माण भएको शौचालयको खाल्डोको प्राबिधिक लागत अनुमान बमोजीम रु. ७८००००। को कार्य सम्पन्न भई सकेकाले चालु आ.ब.को गाउँसभाबाट बिनियोजन भएका बजेट शिर्षकमा खर्च नभई वाँकी रहेको रकम बाट भुक्तानीको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।